नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत सिफारिस समितिको सचिवालय
सिंहदरबार, काठमाडौं

## लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदका लागि निवेदन आव्हान सम्बन्धी सूचना

पुन: सूचना (दोस्रो पटक) प्रकाशित मिति: २०८३/३/१८

सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा १२ को उपदफा (५) बमोजिम लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्न तपसिल बमोजिमको योग्यता र अनुभव भएका ईच्छुक नेपाली नागरिकबाट लगानी बोर्डको प्रमख कार्यकारी अधिकृतको नियुक्तिका लागि सिफारिस सम्बन्धी कार्यविधि, २०८३ अनुसूची १ बमोजिम निवेदन आव्हान गरिएको छ।

तपसिलः

१. नेपाली नागरिक भएको।
२. **शैक्षिक योग्यता र अनुभव** : सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन,२०७५ बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, वाणिज्यशास्त्र, कानुन, इन्जिनियरिङ्ग वा विकास सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र परियोजना विकास, सार्वजनिक खरिद, सार्वजनिक-निजी साझेदारी, लगानी प्रवर्द्धन, विकास प्रशासन, बैकिङ्ग, वित्तीय क्षेत्र वा औद्योगिक व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश वर्षको व्यवस्थापकीय तहको अनुभव हासिल गरेको ।
३. **उमेरः** निवेदन दिने अन्तिम मितिसम्ममा पैतीस वर्ष उमेर पूरा भएको र पैसट्ठी वर्ष ननाघेको ।
४. विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र लिएको भए दरखास्त दिनुभन्दा तीन महिना अगाडि नै त्यस्तो अनुमति पत्र त्याग गरेको खुल्ने निस्सा वा स्वघोषणा ।
५. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ को दफा १२ को उपदफा (४) बमोजिम तथा अन्य प्रचलित कानूनले अयोग्य नभएको व्यहोरा लगानी बोर्डको प्रमुख कार्यकारी

अधिकृतको नियुक्तिका लागि सिफारिस सम्बन्धी कार्यविधि, २०८३ को अनुसुची २ बमोजिम स्व-घोषणा गरेको ।

६. ईच्छुक निवेदकहरूले देहायका कागजातहरूको आफैले प्रमाणित गरेको प्रति संलग्न गर्नुपर्नेछः

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ख. योग्यता, अनुभव र सम्पर्क ठेगाना खुल्ने व्यक्तिगत विवरण (Bio-Data)

ग. शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक उपाधि भएमा समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ) ।

घ. अनुभव खुल्ने प्रमाणको प्रतिलिपि,

ङ. देहायका विषयहरूसमेत समावेश गरी तयार गरिएको रणनीति र कार्ययोजना,

- नेपालमा लगानीको अवस्था र सम्भाव्यताको विश्लेषण
- लगानी बोर्डको सबल एवम् दुर्बल पक्ष तथा अवसर र चुनौतिको विश्लेषण (SWOT Analysis)
- लगानी प्रर्वधनको रणनीतिक योजनाको खाका

च. हालसालै खिचेको पासपोर्ट साइजको फोटो दुई प्रति।

७. निवेदन पेश गर्ने अन्तिम म्यादः सूचना पुनः प्रकाशन भएको मितिले **सात दिन** (अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछि कार्यालय खुलेको दिन) कार्यालय समय भित्र ।

८. निवेदन बुझाउने स्थानः सिफारिस समितिको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक तथा भौतिक पूर्वाधार विकास शाखा, सिंहदरवार ।

९. मूल्यांकनका आधार तथा उम्मेदवार सिफारिस समितिको छनौट सम्बन्धी कार्यविधि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको website www.opmcm.gov.np बाट र लगानी बोर्डको कार्यालयको websitehttps://ibn.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

१०. थप जानकारीको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सामाजिक तथा भौतिक पूर्वाधार विकास शाखामा आएर वा फोन ९८५११४९९५९ मा (कार्यालय समयभित्र) फोन गरेर सम्पर्क गर्न सकिनेछ ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं।

## पुनः सूचना (दोस्रो पटक) मिति : २०८३।३।१८

मिति २०८३/२/२९ गतेको गोरखापत्र र The Rising Nepal मा प्रकाशित सूचना बमोजिम लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत पदका लागि प्राप्त निवेदन कायम राखी छनोट प्रक्रियालाई थप प्रतिस्पर्धी बनाउन सात दिनको समय दिई पुनः सूचना (दोस्रो पटक) प्रकाशित भएको व्यहोरा सूचित गरिन्छ। प्रकाशित सूचना प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको website www.opmcm.gov.np र लगानी बोर्डको कार्यालयको website https://ibn.gov.np मा समेत राखिएको व्यहोरा अनुरोध छ ।